# प्रेस विज्ञप्ती

श्रावण ३१, २०७९

## सिद्धार्थ बैंक र मोको डिजिटल वालेटबीच भुक्तानी सेवा सम्बन्धी सम्झौता

सिद्धार्थ बैंक लिमिटेडले आफ्ना ग्राहकवर्गहरूलाई डिजिटल माध्यमको प्रयोग गरी विभिन्न सेवा सुविधा प्रदान गर्ने उद्देश्यले फोकसवान पेमेण्ट सोलुसन्सको मोको डिजिटल वालेटसँग भिसा डेबिट र क्रेडिट कार्डमा आधारित भुक्तानी सेवाको लागि सहकार्य गरेको छ ।

बैंकका ग्राहकवर्गहरुले मोको डिजिटल वालेटमार्फत नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिस्टम (NEPS) को सहकार्यमा आफ्नो डेबिट र क्रेडिट कार्ड सहज रुपमा लोड गरी मोबाइल टपअप, इन्टरनेट, विद्युत तथा खानेपानीको बिल भुक्तानी, हवाईजहाजको टिकट भुक्तानी लगायतका सेवाहरु प्रयोग गर्न सक्नुहुनेछ । यसका अतिरिक्त, ग्राहकवर्गहरुले मोकोको एप मार्फत VISA, UPI, Alipay, NepalPay, Khalti, IMEpay, Prabhupay, QPay जस्ता विभिन्न QR स्क्यान गरी वस्तु तथा सेवा खरिद बापतको बिल भुक्तानी सजिलै गर्न सक्नुहुनेछ ।

ग्राहकवर्गहरुले आफ्नो डेबिट र क्रेडिट कार्ड मोको डिजिटल वालेटमा लोड गरे पश्चात् भौतिक कार्ड साथमा नभए पनि मोको एप मार्फत विद्युतीय भुक्तानी गर्न सक्नुहुनेछ । यसले गर्दा ग्राहकवर्गहरुको विद्युतीय भुक्तानी सेवा अझ छिटो र सहज हुने विश्वास बैंकले लिएको छ ।

यस बारे विस्तृत जानकारी नजिकैको शाखा कार्यालय वा बैंकद्वारा सञ्चालित ग्राहक सेवा केन्द्र, सिद्धार्थ केयरमा निम्न उल्लेखित माध्यमबाट सम्पर्क गरी प्राप्त गर्न सक्नुहुनेछ :

फोन नं : ०१-५९७००२०
इमेल : customercare@sbl.com.np
हेल्पडेस्क : www.siddharthabank.com/helpdesk
भाइबर : https://chats.viber.com/siddharthabankcustomercare